# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कटुन्जे, भक्तपुर
३ नं. प्रदेश नेपाल


प.सं.: शिक्षा ०७५/७६

च.नं.: २९६९

मिति : २०७६।०३।०२

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
सूर्यविनायक नगरपालिका,भक्तपुर ।

विषय : विद्यालय स्तरीय IEMIS upload गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा विद्यालयहरुले प्रत्येक वर्ष जेष्ठ ७ गते भर्नु पर्ने तथ्याङ्क विद्यालय संग भएको excel base file भरी सम्बन्धित निकायमा बुझाउनु पर्ने विद्यालयको नियमित कार्य भएको व्यहोरा विदितै होला । यस सम्बन्धमा धैरे जसो विद्यालयहरुले हाल सम्म पनि शैक्षिक सत्र २०७६ को तथ्याङ्क upload नगरेको पाईएकोले यस अघि upload गरि सकेका विद्यालय बाहेकाका अन्य विद्यालयहरुले तपसिल अनुसारको बुँदाहरु अध्ययन गरी मिति २०७६।०३।१० भित्रमा आफ्नो विद्यालयको तथ्याङ्क अद्यावधिक गरी तोकिए बमोजिमको ठेगानामा upload गर्नु हुन यस नगरपालिका अन्तर्गतका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको समयमा तथ्याङ्क upload नगर्ने विद्यालयहरु विविध सेवा पाउनबाट बञ्चित भएमा विद्यालय स्वयम् जिम्मेवार हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

१.आफू संग भएको २०७५ सालको excel base emis file २०७६ को तथ्याङ्क अद्यावधिक गर्ने । यदि सो फाइल नभएमा iemis.doe.gov.np मा गई विद्यालयको user id र password entry गरी view excel बाट गत बर्षको file download गर्न सकिनेछ । विद्यालयको user name school IEMIS code र password विद्यालय आफैंले राखे बमोजिम रहेको छ ।

२. शैक्षिक सत्र २०७६ को सम्पुर्ण तथ्याङ्क अद्यावधिक गरीसके पश्चात बुँदा नं १ मा उल्लेख गरेको ठेगाना मा लग इन गरी सो फायल upload गर्न सकिने छ । साथै यस सम्बन्धमा दुविधा परेमा youtube मा IEMIS video search गरी हेर्न सक्नु हुनेछ ।

.........................

मनोज कुमार ढकाल
उप-सचिव

बोधार्थ

श्री सूचना प्रविधि शाखा : website मा upload गर्नु हुन ।


फोन नं. ०१-६६१२१९३